बैठक संख्या -८३

आज मिति २०८०।०६।२९ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री चमेली गुरुङज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चमेली गुरुङ | कार्यवाहक अध्यक्ष | [signature] |
| २ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | [signature] |
| ३ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | [signature] |
| ४ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | [signature] |
| ५ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | [signature] |
| ६ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | [signature] |
| ७ | श्री बुटी तामाङ | सदस्य | बुटी तामाङ |
| ८ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | [signature] |
| ९ | श्री शान्ती माया तामाङ | सदस्य | |
| १० | श्री पुतली विश्वकर्मा | सदस्य | |
| ११ | श्री पुर्ण बहादुर घले | सदस्य | [signature] |
| १२ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १३ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | [signature] |

उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ८३ मितिः २०८०।०६।२९

निर्णयहरूः

१. विगतमा कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गर्दै सेवा प्रवाहलाई व्यवस्थित र थप प्रभावकारी बनाउने ।

२. आ.व. २०८०/८१ को लागि यस गाउँपालिका क्षेत्रमका नदी तथा खोला किनारामा रहेका ढुङ्गा गिट्टि वालुवा लगायतको प्राकृतिक स्रोतको उपयोगमा कर संकलनका लागि टेन्डर आव्हान नभएको साथै लाङटाङ राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रका कारण उत्खनन तथा विक्रिमा कठिनाईका कारण थोरैमात्रामा कर संकलन हुने भएकाले गाउँपालिका क्षेत्रभित्र मौज्दातमा रहेको र गाउँपालिका क्षेत्रबाट ओसार पसार हुने सामाग्रीको कर संकलनका लागि वडा नं. १ को कार्यालयबाट सिफारिस भई आएको वडा नं. १ निवासी बुद्धि बहादुर तामाङलाई नगद संकलन रसिद जिम्मा लगाई साप्ताहिक रुपमा कर गाउँपालिकाको सम्बन्धित खातामा जम्मा गर्ने र निजलाई संकलित रकमको १० प्रतिशत रकम पारिश्रमिक स्वरुप मासिक रुपमा उपलब्ध गराउने गरी सम्झौता गर्ने ।

३. यस गाउँपालिका क्षेत्रभित्रको माथिल्लो त्रिशुली १ जलविद्युत आयोजनाले आफ्नो क्रसरबाट २२० केभी प्रसारण लाईन आयोजनालाई यस कार्यालयलाई सूचना नदिई तथा कर नबुझाई वालुवा पठाएको जानकारी आएकोले उक्त परिमाणको वालुवाको नियमानुसारको कर गाउँपालिकामा बुझाउन पत्राचार गरी आगामी दिनमा यस्ता क्रियाकलाप नदोहोऱ्याउन सचेत गराउने ।

२०८०।०६।२९

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत